# सार्वजनिक सुनुवाई कार्यक्रम

## आर्थिक बर्ष २०७९/८०

## कार्यक्रम स्थल र मिति

साँगुरीगढी गाउँपालिका वडा नं. २, बुढिमोरङ
२०८० असार १३ गते बुधवार

## कार्यक्रम आयोजक

साँगुरीगढी गाउँपालिका
भेडेटार, धनकुटा

## प्रतिवेदन पेश गर्ने

हरिबहादुर लम्जेल
विश्रान्ति मिडिया एण्ड रिसर्च सेन्टर, धनकुटा

# सार्वजनिक सुनुवाई कार्यक्रम सम्वन्धि प्रतिवेदन

## १.पृष्ठभूमि

स्थानीय तहहरुले प्रदान गर्ने सेवा सुविधाको सन्दर्भमा स्थानीय तहका पदाधिकारीहरु तथा सरोकारवाला नागरिक वीच सार्वजनिक स्थानमा गरिने खुल्ला छलफल नै सार्वजनिक सुनुवाई हो । यस किसिमको छलफलले शासन संचालनमा पारदर्शिता, नेतृत्वमा जवाफदेहिता र सार्वजनिक चासोका विषयमा आम नागरिकहरुको सूचनामा पहुँचलाई मजबुत बनाउनुका साथै सार्वजनिक सेवा, वस्तु र निर्णय प्रकृयामा आम नागरिकको सहभागितालाई प्रवर्द्धन गर्दछ ।

स्थानीय सरकार र नागरिकहरुका बीच दोहोरो सम्वाद स्थापित गर्न र त्यस्तो सम्वादबाट जनतालाई देश विकासको प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराई पारदर्शिताको माध्यमद्वारा स्थानीय स्तरमा विकास निर्माण कार्य र सेवाप्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाई जिम्मेवार, जवाफदेहि, जनउत्तरदायि बनाउन सार्वजनिक सुनुवाई कार्यक्रमको व्यवस्था गरिएको हुन्छ ।

सार्वजनिक सुनुवाई कार्यक्रममा चासोका विषयमा जिम्मेवार पदाधिकारी र सेवाग्राही वीच सवाल जवाफ हुन्छ । साथै सेवाग्राहीले सार्वजनिक वस्तु, सेवा र सुविधा प्रवाहमा आगामी दिनमा गरेका सुधारहरु समेत प्रफुष्टित हुने र जिम्मेवार पदाधिकारीहरुबाट उक्त सुधारहरु हासिल गर्ने सम्भावनाहरुको वारेमा जानकारी प्रदान गर्ने प्रकृयाबाट सुधारका प्रतिवद्धताहरु समेत तयार भएका छन् । सार्वजनिक सुनुवाई कार्यक्रममा व्यक्त भएका प्रतिवद्धता कार्यान्वयनबाट सुधारको अपेक्षा गर्न सकिएको छ ।

गाउँपालिका कार्यालयबाट सञ्चालन भएका योजना तथा कार्यक्रमहरुले अपेक्षा गरिएका उपलब्धी हासिल गरे कि गरेनन्, ती योजना तथा कार्यक्रमले जनतामा के कस्तो परिवर्तन भयो, योजना तथा कार्यक्रम सञ्चालन गर्दा के-कस्ता समस्या देखिए र योजना तथा कार्यक्रममा जनताको अपेक्षा र गुनासो के छ भन्ने विषयमा जानकारी लिने र जनताका समस्याहरुको विषयमा छलफल गर्न सार्बजानिक सुनुवाई कार्यक्रमले महत्वपुर्ण योगदान दिएको छ ।

साँगुरीगढी गाउँपालिका कार्यालयबाट प्रवाह हुने सेवाको विषयमा गाउँपालिकास्तको रसार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भइसकेको हुँदा संयोजनको रुपमा विश्रान्ति मिडिया एण्ड रिसर्च सेन्टर धनकुटाको तर्फवाट प्रतिवेदन तयार गरिएको छ ।

## २. सार्वजनिक सुनुवाई कार्यक्रमबाट निम्न उद्धेश्य पुरा भएका छन् :

१. साँगुरीगढी गाउँपालिका कार्यालयको काम, कारवाही, सेवा प्रवाह, योजना एवम् कार्यक्रम, बजेट जस्ता सार्वजनिक विषयमा सम्बन्धित सेवा प्रदायक र सेवाग्राही वीच अन्तरक्रिया गराउने उद्देश्य पुरा भएको छ,

२. सेवाग्राही प्रति सेवाप्रदायकलाई जवाफदेही बनाउने र सेवाग्राहीहरुको गुनासो वा जिज्ञासाहरुको वारेमा हाकाकाही प्रश्नोत्तर गर्ने उद्देश्य पुरा भएको छ,

३. सुशासन ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम सूचनाको हकको प्रत्याभूति गराउने उद्देश्य पुरा भएको छ,

४. स्थानीय तहका जननिर्वाचित प्रतिनिधि तथा विषयगत शाखा प्रमुखहरुलाई नागरिक प्रति जवाफदेहि बनाउने उद्देश्य पुरा भएको छ,

५. सार्वजनिक सेवा तथा विकास निर्माणका कार्यहरुमा नागरिकहरुको सहभागिता वृद्धि गर्ने उद्देश्य पुरा भएको छ,

६. नागरिकबाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गर्ने तथा आगामी दिनमा सोको कार्यान्वयन गर्ने उद्देश्य पुरा भएको छ,

७. जनप्रतिनिधि तथा कर्मचारीहरुमा जवाफदेहिताको संस्कार बसाउने उद्देश्य पुरा भएको छ,

## ३. सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएप्रश्चात प्राप्त उपलब्धीहरू :

१. साँगुरीगढी गाउँपालिकामा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन हुनेभएपछि कार्यक्रम मार्फत गाउँपालिका र वडामा संचालन भएका योजना तथा कार्यक्रम र सेवाका बिषयमा त्यस क्षेत्रका सेवाग्राहीलाई जानकारी प्राप्त भएको छ ।

२. जनताका गुनासाहरुलाई कार्यक्रम स्थलवाटै सुनुवाई गर्ने अवसर प्राप्त भएको छ ।

३. सार्वजानिक सुनुवाई मार्फत विकास निर्माणका योजना तथा कार्यक्रमहरुलाई पारदर्शी, जवाफदेही र जनता प्रति उत्तरदायी बनाउन सकिनेछन् । जनताका गुनासो र सुझावको आधारमा विकास निर्माणका थप योजना तथा कार्यक्रमहरुलाई आगमी दिनमा परिमार्जन गर्ने अवसर मिलेको छ ।

## ४. विधि

### १.१ समन्वय तथा प्रचार प्रसार

गाउँपालिकाबाट प्रवाह हुने सेवाको विषयमा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्न गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, योजना तथा प्रशासन प्रमुख, इञ्जिनियर सहित गाउँपालिकाका कर्मचारी, वडाध्यक्ष सहित वडा समितिका सदस्यहरु, वडा सचिव तथा कर्मचारीहरुलाई जानकारी गराइएको थियो । कार्यक्रम हुने स्थानको सम्वन्धित वडाका जनप्रतिनिधि र कर्मचारीहरुलाई फोनबाट सूचना गराइएको थियो । त्यस्तै वडा मार्फत पनि विभिन्न योजनाका उपभोक्ता समितिका अध्यक्ष सहित पदाधिकारी, निर्माण व्यवसायि, सरोकारवाला तथा सेवाग्राही, राजनैतिक दल, गैसस वुद्धिजीवि, संचारकर्मी एवम् वडावासीलाई सूचना गराइएको थियो । वडा कार्यालयमा उपस्थितिको लागि वडा कार्यसँगको सहजीकरणमा पत्रचार समेत गरिएको थियो ।

### १.२ सूचना तथा राय संकलन

#### क) बहिर्गमन अभिमत

सेवाग्राहीले सेवा लिने वित्तिकै सेवा प्रतिको धारणा लिन बहिर्गमन अभिमत लिने गरिन्छ । साँगुरीगढी गाउँपालिकाको वडा कार्यालयवाट सेवा, वस्तु तथा सुविधा प्राप्त गरि बाहिरिएका नागरिक मध्येबाट आकस्मिक नमुना छनौट विधि प्रयोग गरि कम्तीमा ५० जनालाई बहिर्गमन अभिमत सूचना संकलन गरिएको थियो । त्यसरी संकलित अभिमतको नतिजा सार्वजनिक सुनुवाई कार्यक्रममा प्रस्तुत गरियो । यसरी बहिर्गमन अभिमतका लागि छनौटमा परि अभिमत दिने सबैजनालाई सार्वजनिक सुनुवाई कार्यक्रममा भाग लिन निमन्त्रणा गरिएको थियो ।

#### ख) नागरिक प्रतिवेदन पत्र

नागरिक प्रतिवेदन पत्रको लागि फारामको प्रयोग गरी वडा सहित वडाका विभिन्न स्थानमा गई अर्न्तवार्ता लिइएको थियो । नागरिक प्रतिवेदन पत्रको लागि दलित, जनजाती, क्षत्री/बाहुन, बालवालिका, महिला, पिछडिएका वर्गको प्रतिनिधित्व भएको थियो । संकलित नागरिक विचारलाई विश्लेषण गरि सार्वजनिक सुनुवाई कार्यक्रममा प्रस्तुत गरिएको थियो । नागरिक प्रतिवेदन पत्रका लागि अन्तरवार्तामा भाग लिएका सम्पूर्ण उत्तरदाताहरुलाई सार्वजनिक सुनुवाई कार्यक्रममा भाग लिन निमन्त्रणा गरिएको थियो ।

#### ग) नागरिक वडापत्र अनुसार सार्वजनिक सेवा प्रवाह सम्बन्धि अध्ययन

गाउँपालिकाबाट प्रवाह हुने सेवाको लागि दर्ता, जन्मदर्ता, नागरिक वडा पत्रमा उल्लेख भए अनुसारको कार्य सम्पादन गरे नगरेको वारे स्थल रुपमा पुगि अवलोकन गरिएको थियो । वडामा सूचना टाँस गर्ने सूचना पाटी, सुझाव पेटिका छ छैन भन्ने विषयमा अवलोकन गरिएको थियो ।

# साँगुरीगढी गाउँपालिका

# सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धि प्रतिवेदन

## आ.व. २०७९/८०

| | |
|---|---|
| कार्यक्रम सम्पन्न मितिः | २०८० असार १३ गते बुधवार |
| स्थानः | साँगुरीगढी गाउँपालिका-२, बुढिमोरङ |
| कार्यक्रम सहजकर्ता :<br>तथा संयोजक | हरिबहादुर लम्जेल<br>विश्रान्ति मिडिया एण्ड रिसर्च सेन्टर |
| सभापतिः | योगेन्द्र इवाहाङ<br>वडा अध्यक्ष<br>साँगुरीगढी गाउँपालिका वडा नं.-२ वडा कार्यालय |
| प्रमुख अतिथि | जितेन्द्र राई<br>(अध्यक्ष)<br>साँगुरीगढी गाउँपालिका, धनकुटा |
| अतिथि | मुना राई<br>(उपाध्यक्ष)<br>साँगुरीगढी गाउँपालिका, धनकुटा<br><br>मनोजकुमार ठाकुर<br>(प्रमुख प्रशासकीय अधिकृत)<br>साँगुरीगढी गाउँपालिका, धनकुटा<br><br>दोर्ण राई<br>(योजना तथा प्रशासन प्रमुख)<br>साँगुरीगढी गाउँपालिका, धनकुटा<br><br>गंगा कटुवाल<br>(शिक्षा शाखा प्रमुख)<br>साँगुरीगढी गाउँपालिका, धनकुटा |

**कार्यक्रमको औचित्य माथि प्रकाशः** मनोजकुमार ठाकुर (प्रप्रअ), साँगुरीगढी गाउँपालिका
**कार्यक्रम संचालन :** दोर्ण राई, योजना तथा प्रशासन शाखा प्रमुख, साँगुरीगढी गाउँपालिका
**नागरिक प्रतिवेदन प्रस्तुतिकरण :** हरिबहादुर लम्जेल, विश्रान्ति मिडिया एण्ड रिसर्च सेन्टर

# साँगुरीगढी गाउँपालिका
# सार्वजनिक सुनुवाई कार्यक्रम
२०८० असार १३ गते बुधवार

उठेका प्रश्न/जिज्ञासा

| क्र.सं. | नाम थर ठेगाना | पिरमर्का गुनासाका विषय | सुधार समाधानका उपाय |
|---|---|---|---|
| १ | रमेश ईवाहाङ (स्थानीय) साँगुरीगढी गाउँपालिका-२ बुढिमोरङ, धनकुटा | ➪ केहि महिना अघिको असिना पानीले वाली क्षति भएका किसानलाई राहत दिने भनिएको थियो । लगत संकलन समेत भएको थियो । तर किसानलाई अझैं सम्म पनि राहत पाउन सकेका छैनन् । राहत कहिले दिने हो ? | ➪ असिना पानीले वाली क्षति भएका किसानले अझैं सम्म पनि राहत किन नपाएको भन्ने विषयमा स्पष्ट पार्नुपर्ने । |
| | | ➪ किसानले उत्पादन गरेको कृषिजन्य बस्तुको बजारीकरणका लागि गाउँपालिकाको योजना के छ ? | ➪ किसानले उत्पादन गरेको कृषिजन्य बस्तुको बजारीकरणका लागि गाउँपालिकाको योजना के छ भन्ने विषयमा स्पष्ट पार्नुपर्ने । |
| | | ➪ पछिल्लो समय साँगुरीगढी गाउँपालिका भरि लम्की स्किम रोगले पशुचौपायहरु संक्रमित भएका छन् । कतिपय पशु चौपायहरु मर्न थालेका छन् । गाउँपालिकाले राहत र उद्धारका लागि प्रयासहरु के-के गरिरहेको छ ? | ➪ पछिल्लो समय साँगुरीगढी गाउँपालिका भरि लम्की स्किम रोगले पशुचौपायहरु संक्रमित भएका छन् । कतिपय पशु चौपायहरु मर्न थालेकाले गाउँपालिकाले राहत र उद्धारका लागि प्रयासहरु के-के गरिरहेको छ भन्ने विषयमा स्पष्ट पार्नुपर्ने । |
| | | ➪ गाउँपालिका भरिका ग्रामीण क्षेत्रका सडकहरु समयमै मर्मत सम्भार नहुँदा किसानले उत्पादन गरेका कृषिजन्य वस्तु बजार सम्म पुऱ्याउन सकेका छैनन् । वाह्रैमास सहज तरिकाले सवारी साधन चल्ने गरी व्यवस्था मिलाउन गाउँपालिकाको योजना के छ ? | ➪ गाउँपालिका भरिका ग्रामीण क्षेत्रका सडकमा वाह्रैमास सहज तरिकाले सवारी साधन चल्ने गरी व्यवस्था मिलाउन गाउँपालिकाको योजना के छ भन्ने विषयमा स्पष्ट पार्नुपर्ने । |
| | | ➪ संघीय तथा प्रदेश सरकारले केही योजनाहरु गौरवको योजना भनेर प्राथमिकता दिने गर्छ । साँगुरीगढी गाउँपालिकाले गौरव योजना भनेर कुन योजनालाई छनोट गरेको छ ? | ➪ साँगुरीगढी गाउँपालिकाले गौरव योजना भनेर कुन योजनालाई छनोट गरेको छ भन्ने विषयमा स्पष्ट पार्नुपर्ने । |
| | | ➪ गाउँपालिकाले शैक्षिक गुणस्तर वृद्धि गर्न शिक्षा क्षेत्रमा के-के योजना तथा कार्यक्रम संचालन गरिरहेको छ ? | ➪ गाउँपालिकाले शैक्षिक गुणस्तर वृद्धि गर्न शिक्षा क्षेत्रमा के-के योजना तथा कार्यक्रम संचालन गरिरहेको छ भन्ने विषयमा स्पष्ट पार्नुपर्ने । |

| | | | |
|---|---|---|---|
| २ | खिलमान तुम्वापो लिम्बु (स्थानीय) साँगुरीगढी गाउँपालिका-२ बुढिमोरङ, धनकुटा | ➪ वौद्धिक अपाङ्गता भएका व्यक्तिहरुलाई व्यवस्थापनका लागि गाउँपालिकाको योजना के छ ?<br>➪ वुढिमोरङमा संचालित खानेपानी योजनालाई वर्षेनी वाढी पहिरो र आगलागीले ध्वस्त पार्दछ । विगतमा जनप्रतिनिधिहरुलाई पटक-पटक भन्दा पनि चासो राख्नु भएन । ११० घरपरिवार समेटिएको यो खानेपानी योजनालाई गाउँपालिकाले पनि चासो राखिदिनु पऱ्यो ।<br>➪ ठेक्का प्रणाली हुँदा समयमा काम सम्पन्न भएन । गाउँपालिकाले उपभोक्ता प्रणालीबाट नै काम गर्दा ठिक हुन्थ्यो ।<br>➪ यस क्षेत्रका किसानले समयमा मलविउ पाउँदैनन् यस तर्फ गाउँपालिकाले ध्यान दिनु पऱ्यो ।<br>➪ भारतीय तरकारीलाई निर्यात गर्न सीमा क्षेत्रका व्यापारीहरुले कृत्रिम अभाव गर्छन् । जसको कारण यस क्षेत्रका किसानले उत्पादन गरेका कृषिजन्य वस्तुले भाउ पाउँदैनन् । किसानलाई उचित मुल्य दिलाउन गाउँपालिकाको योजना के छ ? | ➪ वौद्धिक अपाङ्गता भएका व्यक्तिहरुलाई व्यवस्थापनका लागि गाउँपालिकाको योजना के छ भन्ने विषयमा स्पष्ट पार्नुपर्ने ।<br>➪ वुढिमोरङमा संचालित खानेपानी योजनालाई गाउँपालिका चासो दिनु पर्ने भन्ने विषयमा स्पष्ट पार्नुपर्ने ।<br>➪ ठेक्का प्रणाली हुँदा समयमा काम सम्पन्न नभएको र उपभोक्ता प्रणालीबाट नै काम गर्दा ठिक हुन्थ्यो की भन्ने जिज्ञासालाई स्पष्ट पार्नु पर्ने ।<br>➪ किसानले समयमा मलविउ किन नपाएका हुन् भन्ने विषयमा स्पष्ट पार्नुपर्ने ।<br>➪ भारतीय तरकारीलाई निर्यात गर्न सीमा क्षेत्रका व्यापारीहरुले कृत्रिम अभाव गर्छन् । जसको कारण यस क्षेत्रका किसानले उत्पादन गरेका कृषिजन्य वस्तुले भाउ पाउँदैनन् । किसानलाई उचित मुल्य दिलाउन गाउँपालिकाको योजना के भन्ने विषयमा भन्ने विषयमा स्पष्ट पार्नुपर्ने ।<br>➪ |
| ३. | लक्ष्मीकुमार लिम्बु (स्थानीय) साँगुरीगढी गाउँपालिका-२ बुढिमोरङ, धनकुटा | ➪ गाउँपालिकामा हुने हरेक खेलकुद प्रतियोगिता गाउँपालिका आफैंले संचालन गर्छ । यहाँका क्लवलाई जिम्मा दिएर संचालन गर्न सकिन्छ की सकिन्दैन ?<br>➪ सामान खरिद गर्न गाउँपालिकाले उपभोत्तालाई किन दिँदैन ? | ➪ गाउँपालिका आफैले संचालन गर्ने खेलकुद प्रतियोगिता क्लव मार्फत गर्न सकिन्छ ? भन्ने विषयमा स्पष्ट पार्नुपर्ने ।<br>➪ सामान खरिद गर्न गाउँपालिकाले उपभोक्तालाई किन नदिएको भन्ने विषयमा स्पष्ट पार्नुपर्ने । |
| ४ | अमन राई विद्यार्थी श्री रामनवमी मा.वि साँगुरीगढी गाउँपालिका-२, धनकुटा | ➪ साँगुरीगढी गाउँपालिकाले वालवालिकाहरुको लागि कति वजेट छुट्याएको छ ? के-के शिर्षकमा ?<br>➪ विद्यालयहरुलाई वालवालिका लक्षित कार्यक्रम जस्तै खेलकुद लगायत अतिरित्त क्रियाकलाप | ➪ साँगुरीगढी गाउँपालिकाले वालवालिकाहरुको लागि कति वजेट छुट्याएको छ भन्ने विषयमा स्पष्ट पार्नुपर्ने ।<br>➪ विद्यालयहरुलाई वालवालिका लक्षित कार्यक्रम जस्तै खेलकुद लगायत अतिरित्त क्रियाकलाप |

| | | | |
|---|---|---|---|
| | | गर्न कति बजेट दिनुभएको छ ?<br>⇨ विद्यालयलाई खेलकुद सामाग्री उपलब्ध गराउनु भए हुन्थ्यो ( सुझाव)<br>⇨ विविध क्षमता (अपाङ, अशक्त) भएको बालवालिकाको लागि के कति बजेट विनियोजन गर्नु भएको छ ? | गर्न कति बजेट दिनुभएको छ भन्ने विषयमा स्पष्ट पार्नुपर्ने ।<br>⇨ विद्यालयलाई खेलकुद सामाग्री उपलब्ध गराउनु भए हुन्थ्यो ( सुझाव) भन्ने सुझावलाई स्पष्ट पार्नुपर्ने ।<br>⇨ विविध क्षमता (अपाङ, अशक्त) भएको बालवालिकाको लागि के कति बजेट विनियोजन गर्नु भएको छ भन्ने विषयमा स्पष्ट पार्नुपर्ने । |
| ५ | शिवकुमार ईवाहाङ प्रधानाध्यापक श्री रामनवमी मा.वि साँगुरीगढी गाउँपालिका-२, धनकुटा | ⇨ गाउँपालिकाले कार्यक्रम संचालन गर्दा नाम्जे र डाँडाबजारमा मात्र गरिन्छ । जिम्मेवारी पाए हामी पनि गर्न सक्छौं । अवसर दिनु पऱ्यो । | ⇨ गाउँपालिकाले कार्यक्रम संचालन गर्दा नाम्जे र डाँडाबजारलाई मात्र जिम्मा दिने गरिएको अरुलाई पनि अवसर दिनु पर्ने विषयमा स्पष्ट पार्नुपर्ने । |

| क.सं. | प्रश्नकर्ता वा गुनासो गर्ने वा सुझाव दिनेको नाम थर | सहभागीको प्रश्न | जवाफदिने अधिकारीको नाम ठेगाना | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|
| १ | रमेश ईवाहाङ (स्थानीय) साँगुरीगढी गाउँपालिका-२ बुढिमोरङ, धनकुटा | ⇨ केहि महिना अधिको असिना पानीले वाली क्षति भएका किसानलाई राहत दिने भनिएको थियो । लगत संकलन समेत भएको थियो । तर किसानलाई अझैं सम्म पनि राहत पाउन सकेका छैनन् । राहत कहिले दिने हो ?<br>⇨ किसानले उत्पादन गरेको कृषिजन्य बस्तुको बजारीकरणका लागि गाउँपालिकाको योजना के छ ? | मनोजकुमार ठाकुर (प्रमुख प्रशासकीय अधिकृत) साँगुरीगढी गाउँपालिका, धनकुटा<br>जितेन्द्र राई (अध्यक्ष) साँगुरीगढी गाउँपालिका, धनकुटा | ⇨ असिनापानीले वाली क्षति भएर पीडित वनेका किसानलाई राहत दिन कार्यपालिका वैठकले निर्णय गरेर ३ लाख वजेट विनियोजन गरेको थियो । तर किसानवाट कार्यपालिका वैठकको निर्णय भन्दा बढी क्षति भएको माग आएको कारण राहत उपलब्ध गराउन असहज भयो । बजेट कटौतीको मारमा परेको कारण समस्या भयो । आगामी आवमा दिने व्यवस्था मिलाउने छौं ।<br>⇨ बजारको समस्या छ । स्थिर बजार छैन । यसलाई समाधान दिन १/२ महिना सम्म स्टोर गर्न सकिने चिस्यान केन्द्रको स्थापना गर्न गाउँपालिकाले योजना बनाइरहेको छ । त्यस्तै उत्पादन भएको बस्तुलाई ब्राण्डिङ तथा प्रचार गर्न गाउँपालिकाले पर्यटकीय केन्द्र भेडेटारमा कोसेली घर स्थापना गर्न संरचना निर्माण गरिरहेको छ । यही जानकारी |

| | | | | |
|---|---|---|---|---|
| | | | | गराए । |
| | | ➩ पछिल्लो समय साँगुरीगढी गाउँपालिका भरि लम्की स्किम रोगले पशुचौपायहरु संक्रमित भएका छन् । कतिपय पशु चौपायहरु मर्न थालेका छन् । गाउँपालिकाले राहत र उद्धारका लागि प्रयासहरु के-के गरिरहेको छ ? | मनोजकुमार ठाकुर (प्रमुख प्रशासकीय अधिकृत) साँगुरीगढी गाउँपालिका, धनकुटा | ➩ पशु चौपायमा महामारिको रुपमा फैलिएको लम्कि स्किम रोग व्यवस्थापनका लागि ४ लाख रुपैया बजेट विनियोजन भएको र अहिले वडा सम्म औषधी आइसकेको छ । वडाबाट औषधी निःशुल्क वितरण भइरहेको जानकारी गराउँदछु । |
| | | ➩ गाउँपालिका भरिका ग्रामीण क्षेत्रका सडकहरु समयमै मर्मत सम्भार नहुँदा किसानले उत्पादन गरेका कृषिजन्य वस्तु बजार सम्म पुऱ्याउन सकेका छैनन् । वाह्रैमास सहज तरिकाले सवारी साधन चल्ने गरी व्यवस्था मिलाउन गाउँपालिकाको योजना के छ ? | जितेन्द्र राई (अध्यक्ष) साँगुरीगढी गाउँपालिका, धनकुटा | ➩ गाउँपालिकाले वाह्रैमास सडक संचालन हुने गरी व्यवस्था मिलाउन सडक सरसफाई गर्नका लागि हरेक वडाले ४/४ लाख रुपैया बजेट विनियोजन गरेको थियो । तर यो काम अत्यन्त चुनौती रहेछ । टेण्डर मार्फत् काम हुँदा सडक सरफाईमा ढिलो हुँदो रहेछ । गाउँपालिकाको आफ्नै जेसिवी हुँदा वाटो जहाँ अवरुद्ध हुन्छ त्यहाँ तुरुन्त पन्छाउने काम हुन्थ्यो । त्यस कारण सडक सरसफाई भन्दा पनि गाउँपालिकाको आफ्नै जेसिवी खरिदका लागि पहल भइरहेको छ । |
| | | ➩ संघीय तथा प्रदेश सरकारले केही योजनाहरु गौरवको योजना भनेर प्राथमिकता दिने गर्छ । साँगुरीगढी गाउँपालिकाले गौरव योजना भनेर कुन योजनालाई छनोट गरेको छ ? | जितेन्द्र राई (अध्यक्ष) साँगुरीगढी गाउँपालिका, धनकुटा | ➩ हामीले पनि गाउँपालिकाको गौरवको योजना भनेर केही योजना छनोट गरेका छौं । साँगुरीगढी गाउँपालिका पर्यटकीय गन्तव्य हो । पर्यटकीय चहलपहल वढाउन ध्वजेडाँडा देखि खुवालुङ सम्म पदमार्ग निर्माणका लागि १ करोड बजेट विनियोजन गरेका छौ । त्यस्तै कोल्डस्टोर घर स्थापनाको लागि पहल भइरहेको छ । |
| | | ➩ गाउँपालिकाले शैक्षिक गुणस्तर वृद्धि गर्न शिक्षा | | ➩ गाउँपालिकाले सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारका लागि विभिन्न योजना तथा कार्यक्रम संचालन गरिरहेको |

| | | | | |
|---|---|---|---|---|
| | | क्षेत्रमा के-के योजना तथा कार्यक्रम संचालन गरिरहेको छ ? | | छ । दिवा खाजामा १० रुपैया थप, नियमित अनुगमन, भौतिक पूर्वाधार निर्माण तथा मर्मत सम्भार लगायत । शिक्षकले पढाएर मात्र हुँदैन अभिभावकले पनि आफ्नो छोराछोरीको पढाईमा चासो दिएर नियमित विद्यालय अनुगमन गर्नुपर्छ । |
| २ | खिलमान तुम्वापो लिम्बु (स्थानीय) साँगुरीगढी गाउँपालिका-२ बुढिमोरङ, धनकुटा | ⇨ वौद्धिक अपाङ्गता भएका व्यक्तिहरुलाई व्यवस्थापनका लागि गाउँपालिकाको योजना के छ ?<br><br>⇨ वुढिमोरङमा संचालित खानेपानी योजनालाई वर्षेनी वाढी पहिरो र आगलागीले ध्वस्त पार्दछ । विगतमा जनप्रतिनिधिहरुलाई पटक-पटक भन्दा पनि चासो राख्नु भएन । ११० घरपरिवार समेटिएको यो खानेपानी योजनालाई गाउँपालिकाले पनि चासो राखिदिनु पऱ्यो ।<br>⇨ ठेक्का प्रणाली हुँदा समयमा काम सम्पन्न भएन । गाउँपालिकाले उपभोक्ता प्रणालीबाट नै काम गर्दा ठिक हुन्थ्यो । | जितेन्द्र राई (अध्यक्ष) साँगुरीगढी गाउँपालिका, धनकुटा<br><br>जितेन्द्र राई (अध्यक्ष) साँगुरीगढी गाउँपालिका, धनकुटा<br><br>मनोजकुमार ठाकुर (प्रमुख प्रशासकीय अधिकृत) साँगुरीगढी गाउँपालिका, धनकुटा | ⇨ हामीले विगतमा पनि वौद्धिक अपाङ्गता भएका व्यक्तिहरुको उद्धार गरि व्यवस्थापन गरिरहेका छौं । र आगामी दिनमा जानकारी प्राप्त हुना साथ व्यवस्थापन गर्छौं । अहिले पनि सुधार केन्द्रसँग सहकार्य गरिरहेको जानकारी गराउँदछु ।<br>⇨ खानेपानीको डिपिआर लगायत अन्य कागजात प्राप्त भए प्रदेश सरकारसँग योजना माग गर्छौं । सामान्य मर्मत सम्भार तथा पाइप आवश्यक भए गाउँपालिकाबाट उपलब्ध गराउन सक्छौं ।<br><br>⇨ मेसिन भन्दा वाहेकका काम उपभोक्ता समिति मार्फत काम भइरहेको जानकारी गराउँदछु । |

| | | | | |
|---|---|---|---|---|
| | | ➩ यस क्षेत्रका किसानले समयमा मलविउ पाउँदैनन् यस तर्फ गाउँपालिकाले ध्यान दिनु पऱ्यो । | मनोजकुमार ठाकुर (प्रमुख प्रशासकीय अधिकृत) साँगुरीगढी गाउँपालिका, धनकुटा | ➩ कृषि सामाग्री लिमिटेडवाट कोटा सिस्टमबाट मल खरिद हुन्छ । हामीले कोटा सिस्टम मार्फत प्राप्त मललाई वितरण गरिराखेका छौं । |
| | | ➩ भारतीय तरकारीलाई निर्यात गर्न सीमा क्षेत्रका व्यापारीहरुले कृत्रिम अभाव गर्छन् । जसको कारण यस क्षेत्रका किसानले उत्पादन गरेका कृषिजन्य वस्तुले भाउ पाउँदैनन् । किसानलाई उचित मुल्य दिलाउन गाउँपालिकाको योजना के छ ? | जितेन्द्र राई (अध्यक्ष) साँगुरीगढी गाउँपालिका, धनकुटा | ➩ यहि समस्यालाई समाधान गर्न गाउँपालिकाले पर्यटकीय केन्द्र भेडेटारमा कोसेली घर स्थापना गर्न संरचना निर्माण गरिरहेका छ । संचालनमा आएपछि किसानबाट उचित मुल्यमा खरिद गरेर कोसेली घर मार्फत विक्री वितरण गर्ने व्यवस्था मिलाएका छौं । पक्कै पनि किसानको समस्यालाई केही हदसम्म समाधान दिनेछ भन्ने विश्वास लिएका छौं । |
| ३ | लक्ष्मीकुमार लिम्बु (स्थानीय) साँगुरीगढी गाउँपालिका-२ बुढिमोरङ, धनकुटा | ➩ गाउँपालिकामा हुने हरेक खेलकुद प्रतियोगिता गाउँपालिका आफैंले संचालन गर्छ । यहाँका क्लवलाई जिम्मा दिएर संचालन गर्न सकिन्छ की सकिन्दैन ? | मनोजकुमार ठाकुर (प्रमुख प्रशासकीय अधिकृत) साँगुरीगढी गाउँपालिका, धनकुटा | ➩ गाउँपालिका खेलकुद विकास समिति मार्फत प्रतियोगिता संचालन भइरहेको छ । समितिले स्थानीय क्लवसँग सहकार्य गरेको छ । यो समितिमा शिक्षा शाखा सदस्य सचिव रहेको छ । |
| ४ | अमन राई विद्यार्थी श्री रामनवमी मा.वि साँगुरीगढी गाउँपालिका-२, धनकुटा | ➩ साँगुरीगढी गाउँपालिकाले वालवालिकाहरुको लागि कति वजेट छुट्याएको छ ? के-के शिर्षकमा ? विद्यालयहरुलाई वालवालिका लक्षित कार्यक्रम | मनोजकुमार ठाकुर (प्रमुख प्रशासकीय अधिकृत) साँगुरीगढी गाउँपालिका, धनकुटा | ➩ वालवालिकाहको वृद्धि विकासका लागि गाउँपालिकाले हरेक वर्ष महिला, वालवालिका तथा समाज कल्याण मार्फत विभिन्न कार्यक्रमहरु संचालन गर्दै आइरहेको छ । पालिका तथा वडा स्तर वाल क्लव गठन, उनीहरुलाई क्षमता विकास तालिम तथा कार्यक्रम, दिवा |

| | | | | |
|---|---|---|---|---|
| | | जस्तै खेलकुद लगायत अतिरित्त क्रियाकलाप गर्न कति बजेट दिनुभएको छ ? विद्यालयलाई खेलकुद सामाग्री उपलब्ध गराउनु भए हुन्थ्यो ( सुझाव) विविध क्षमता (अपाङ, अशक्त) भएको बालवालिकाको लागि के कति बजेट विनियोजन गर्नु भएको छ ? | | खाजामा प्रोत्साहन, खेलकुदका प्रतियोगिता लगायत । ***(सबै प्रश्नहरुको एक मुष्ट जवाफ)*** |
| ५ | शिवकुमार ईवाहाङ प्रधानाध्यापक श्री रामनवमी मा.वि साँगुरीगढी गाउँपालिका-२, धनकुटा | ⇨ गाउँपालिकाले कार्यक्रम संचालन गर्दा नाम्जे र डाँडाबजारमा मात्र गरिन्छ । जिम्मेवारी पाए हामी पनि गर्न सक्छौं । अवसर दिनु पर्‍यो । | जितेन्द्र राई (अध्यक्ष) साँगुरीगढी गाउँपालिका, धनकुटा | ⇨ यस क्षेत्रका विद्यालयले योजना सहित प्रस्तावना ल्याएको खण्डमा हामी सहयोग गर्न तप्पर छौं । तर यहाँहरुले आफ्नो तर्फवाट पनि लागत साझेदारीको प्रस्तावना ल्याउनु पर्‍यो । नाम्जेको विद्यालयले वस खरिदका लागि स्रोत जुटाउनु भयो । हामीले गाउँपालिकाको तर्फबाट केही सहयोग गर्‍यौ । शैक्षिक गुणस्तर सुधार्ने प्रस्तावना ल्याउनुस् हामी सहयोग गर्न तप्पर छौं । |

**अनुसूची-२**
**बुँदा नम्बर ३.६.१ सँग सम्वन्धित प्रश्नावली भाग-१**
**नागरिक प्रतिवेदन (Citizen Report Card)**
**(सन्तुष्टि वा असन्तुष्टि जनाउने)**

**ब्यक्तिगत विवरण : जम्मा ५० जना (साँगुरीगढी गाउँपालिका वडा नं. २ वुढीमोरङ)**

१) **लिङ्ग** : (क) महिला : **१६** (ख) पुरुष : **३४**

**(२) जातीगत समुह :**

(क) दलित : ५ (ख.) जनजाती : ४३ (ग) क्षत्री/बाहुन : २ (घ) मधेसी :

**(३) शिक्षाः**

(क) साक्षर : ३८ (ख.) एसएलसी : १० (ग) एसएलसी भन्दा माथीः २

**(४) पेसाः**

(क) कृषि : ३८ (ख) ब्यापार : १० (ग) नोकरी : १

(घ) विद्यार्थीः १ (ङ) राजनीति : (च) समाजसेवा :

**(५) उमेर समुहः**

(क) १ देखि १८ बर्षः (ख) १९ देखि ४० बर्ष : ११

(ग) ४० देखि ७० बर्षः ३३ (घ) ७० बर्ष माथीः **६**

**१. सेवाको सन्तुष्टि**

**१.१ तपाईले यस कार्यालयबाट समग्रमा कतिको सन्तुष्टि पाउनु भयो ?**

सन्तुष्ट (४५) ठिकै (५) असन्तुष्ट (०)

**१.२ सेवा लिन जाँदा कर्मचारीको व्यवहार प्रति तपाई कत्तिको सन्तुष्ट हुनुहुन्छ ?**

सन्तुष्ट (४२) ठिकै (८) असन्तुष्ट (०)

**२. सेवाको नियमितता**

**२.१ नागरिक वडापत्रमा उल्लेख भए अनुसार तपाईले प्राप्त गर्नुपर्ने सेवामा लागेको समय प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?**

सन्तुष्ट (४१) ठिकै (९) असन्तुष्ट (०)

**२.२ कार्यालय नियमित रुपमा (कर्मचारीको उपस्थिति, समय पालना, कार्य चुस्तता) संचालन भएको छ भन्ने कुरामा कतिको विश्वस्त हुनुहुन्छ ?**

विश्वस्त (४०) ठीकै (१०) अविश्वस्त (०)

**२.३ तपाईले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नु भयो ?**

तिरेको छैन (५०)        एकदमै कम (०)        धेरै तिरेको (०)

**२.४ यस कार्यालयले सार्वजनिक चासो तथा समस्या समाधान गर्न औसत कति दिन लगाउने गरेको छ ?**

१ दिन (३८)        २ दिन (१२)        धेरै दिन (०)

**३. सेवा प्रति जनविश्वास**

**३.१ यस कार्यालयले दिने सेवाप्रति तपाई कतिको विश्वस्त हुनुहुन्छ ?**

विश्वस्त (५०)        ठीकै (०)        अविश्वस्त (०)

**३.२ कार्यालय प्रदान गरेको सेवाको वारेमा अरुलाई जानकारी गराई कत्तिको प्रचार गर्नुभएको छ ?**

धेरै (४५)        ठीकै (५)        विश्वास छैन (०)

**३.३ यस कार्यालयमा कार्यरत कर्मचारी प्रति तपाईको विश्वास कत्तिको छ ?**

धेरै (३९)        ठीकै (११)        विश्वास छैन (०)

**३.४ यस कार्यालयले विपन्न वर्गको लागि छुट्याएको सेवा प्रयोग गरेको थाहा पाउनु भएको छ ?**

छ (०)        छैन (५०)        अलि अलि थाहा छ (०)

**४.सेवाको गुणस्तर**

**४.१ यस कार्यालयबाट सेवा लिदा कार्यालयले दिएको जानकारीबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ?**

सन्तुष्ट (५०)        कम सन्तुष्ट (०)        असन्तुष्ट (०)

**४.२ तपाई यस कार्यालयमा आउँदा कसको सहयोग लिनुभयो ?**

आफै (४८)        गाउँका ठुलावडाको (०)        जनप्रतिनिधि वा मध्यस्थकर्ता (२)

**५. सेवा सम्वन्धी जानकारी**

**५.१ कार्यालयको भौतिक अवस्था कस्तो छ ?**

अति राम्रो (५०)        ठिकै (०)        नराम्रो (०)

**५.२ कार्यालयमा भएको नागरिक वडापत्र बारे तपाईलाई जानकारी छ ?**

छ (०)        आँशिक जानकारी छ (५०)        कुनै जानकारी छैन (०)

**५.३ कार्यालय र सेवाग्राही वीचको सम्बन्ध कस्तो छ ?**

अति राम्रो (१५)        ठिकै (३५)        खासै राम्रो छैन (०)

**५.४ संचालन गरिने सार्वजनिक कार्यक्रममा सीमान्त वर्गको उपस्थिति कति प्रतिशतसम्म हुने गरेको छ ?**

२० प्रतिशत (०)  ५० प्रतिशत भन्दा माथि (०)  थाहा छैन (५०)

**५.५ गाउँ परिषद्‌मा राष्ट्रिय नीति निर्देशीका अनुसार समावेशी प्रकृतीको प्रतिनिधित्व भएको छ ?**

छ (०)  ठिकै (५०)  प्रतिनिधित्व साह्रै कम छ (०)

**६.नागरिक वडापत्र/उजुरी पेटिका/गुनासो सुन्ने अधिकारी सम्बन्धमा**

**६.१ तपाईको विचारमा सेवाग्राहीले नागरिक वडापत्रको उपयोग कुन हदसम्म गरेका छन् ?**

धेरै (०)  कम (५०)  गरेको छैन (०)

**६.२ तपाईको विचारमा सेवाप्रदायकहरुले नागरिक बडापत्र अनुरुप कति हदसम्म सेवा प्रदान गरेको जस्तो लाग्छ ?**

धेरै (०)  ठीकै (५०)  अतिकम (०)

**६.३ तपाईको विचारमा उजुरी पेटिकाको उपयोग कुन हदसम्म भएको छ ?**

धेरै भएको छ (०)  ठीकै भएको छ (५०)  भएको छैन (०)

**प्रश्नावली भाग-२**

## नागरिक प्रतिवेदन पत्र

**१. सिफारिस सम्बन्धी**

**१.१ सिफारिसको लागि चाहिने आवश्यक कागजातहरुको प्रष्ट जानकारी पाउनु भयो ?**

पाएँ (४४)  ठीकै पाएँ (६)  स्पष्ट पाइँन (०)

**१.२ कुनै सिफारिसको लागि लाग्ने दस्तुर बाहेक अतिरिक्त रकम दिनु पर्‍यो ?**

दिएँ (०)  थोरै दिएँ (०)  मागिएन र दिइएन पनि (५०)

**१.३ त्यहाँबाट दिने सिफारिस लिंदा कसको सहयोग लिनुभयो ?**

आफै (०)  मध्यस्थकर्ता वा जनप्रतिनिधि (५०)  नेता/ ठुलावडा (०)

**१.४ राजश्व, शुल्क तथा दस्तुर को-कससँग उठाउने गर्दछन् ?**

सबैसँग कर उठाउँछन् (५०)  सीमित व्यक्तिसँग मात्र कर उठाउँछन् (०)

धेरै वक्यौता रहने गरेको छ (०)

२. पूर्वाधार तथा सरसफाई सम्बन्धी

**२.१ कार्यालयमा सरसफाईको अवस्था कस्तो छ ?**

राम्रो (५०)  ठीकै (०)  खराव (०)

**२.२ कार्यालयमा सरसफाई सम्बन्धी गुनासो गर्दा त्यसमाथि कारवाही कत्तिको गरिन्छ ?**

तुरुन्तै हुन्छ (४९)  पटक-पटक भनेपछि मात्रै हुन्छ (१)  जति भनेपनि हुन्न (०)

**२.३ तपाईको विचारमा साँगुरीगढी गाउँपालिकाले सरसफाई तथा जनस्वास्थ्य सम्बन्धी कार्यक्रम के कस्तो किसिमले गर्छ ?**

नियमित र राम्रोसँग (५०)  ठीकै गर्छ (०)  नियमित रुपमा गर्दैन (०)

**२.४ तपाईको गाउँपालिकामा विकास निर्माणको स्थिति कस्तो छ ?**

राम्रो (५०)  ठीकै (०)  खराब (०)

**२.५ सञ्चालन गरेका योजनाहरु कत्तिको प्रभावकारी छन् ?**

प्रभावकारी छन् (४५)  ठीकै छन् (५)  प्रभावकारी छैनन् (०)

**२.६ योजनाको विल भुक्तानी दिने व्यवस्था कस्तो छ ?**

सहज (५)  ठीकै (४४)  अप्ठ्यारो (१)

**२.७ योजनाहरु जाँचपास गर्दा प्राविधिकहरुलाई रकम दिनुपर्छ ?**

पर्दैन (५०)  मागेरै लिन्छन् (०)  रकम नदिए अप्ठ्यारो पार्छन् (०)

**२.८ योजना सञ्चालन गर्दा प्राविधिक सहयोग कत्तिको पाउनु भयो ?**

सजिलै पाइयो (५०)  कहिलेकाँही पाइयो (०)  माग गर्दा पनि पाइएन (०)

**२.९ विकास निर्माणका वारेमा जानकारी माग्दा पाउनु हुन्छ ?**

सजिलै पाइन्छ (५०)  सोधेपछि पाइन्छ (०)  सोधेपनि पाइदैन (०)

**२.१० स्थानीय तहको आचारसंहिता पालना भएको छ ?**

पालना भएको छ (४०)  ठीकै पालना भएको (१०)  कत्ति पनि पालना भएको छैन (०)

**२.११ योजना सञ्चालन गर्दा गाउँपालिकाबाट कत्तिको सहयोग पाउनु भएको छ ?**

धेरै सहयोग पाएको छु (५०)  ठीकै सहयोग पाएको छु (०)  तिरुत्साहित गरिन्छ (०)

३.यस कार्यालयको तल दिइएका विविध पक्षहरुमा तपाईको अनुभव कस्तो छ ?

**३.१ आर्थिक श्रोत कस्तो छ ?**

आवश्यक श्रोत उपलब्ध छ (५०)  कम श्रोत उपलब्ध (०)  अति कम श्रोत उपलब्ध (०)

**३.२ काम गर्ने प्रणाली र प्रक्रिया कस्तो छ ?**

अति सरल (०)  ठीकै (५०)  जटिल (०)

**३.३ कार्यालयमा भएका कर्मचारीमा सीप कस्तो छ ?**

आवश्यक सीप छ (५०)  आवश्यकता भन्दा कम छ (०)  सीप निकै कम छ (०)

**३.४ गा.पा र न.पा.को आम्दानी र खर्च बाहिर सूचना पाटीमा टाँसेको देख्नु भयो ?**

टाँसेको देखेको छु (५०)  कहिले काही टाँसेको देखिन्छ (०)  खै कतै देखिएन (०)

**३.५ कार्य सम्पन्नको आधारमा मूल्याङ्कन भएको छ कि छैन ?**

छ (५०)  ठीकै मूल्याङ्कन हुने गरेको छ (०)  कहिले पनि भएको थाहा छैन (०)

**३.६ वर्तमान कार्य सञ्चालन संरचना प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?**

सन्तुष्ट (५०)  ठीकै (०)  कुनै जानकारी छैन (०)

**४.पारदर्शिता सम्बन्धी**

**४.१ गा.पा र न.पा.मा सार्वजनिक सुनुवाई कार्यक्रम हुन्छ कि हुँदैन ?**

हुन्छ (०)  हुँदैन (१३)  कार्यक्रम बारे कुनै जानकारी छैन (३७)

**४.२ गा. पा र न.पा.मा सार्वजनिक परीक्षण कार्यक्रम हुन्छ कि हुँदैन ?**

हुन्छ (०)  हुँदैन (५)  कार्यक्रम बारे कुनै जानकारी छैन (४५)

**४.३ गा.पा र न.पा. मा वार्षिक रुपमा सामाजिक परीक्षण हुन्छ कि हुँदैन ?**

हुन्छ (०)  हुँदैन (६)  कार्यक्रम बारे कुनै जानकारी छैन (४४)

**४.४ सार्वजनिक सुनुवाईमा गरिएका प्रतिवद्धता कत्तिको कार्यान्वयन भएको छ ?**

धेरै (०)  ठीकै (४५)  कम (५)

**४.५ सार्वजनिक सुनुवाईको अनुगमन गर्ने संयन्त्रको विकास भएको छ ?**

संयन्त्र वनेको छ (०)  कुनै संयन्त्र वनेको छैन (४१)  कुनै जानकारी नै छैन ( ९)

**४.६ यस कार्यालयको वार्षिक नीति, कार्यक्रम र श्रोतका बारेमा जानकारी पाउनु भएको छ ?**

धेरै जानकारी पाएको छु (५०)  ठीकै जानकारी पाएको छु (०)
कम जानकारी पाएको छु (०)

## बहिर्गमित अभिमत (Exit Poll)

बुँदा नम्बर ३.४.१ सँग सम्वन्धित

**१) सेवाग्राहीको लिङ्ग :-** पुरुष : ३४ महिला : १६

**२) जात :** **३) उमेर :** **४) शिक्षा :**

**५) कार्यालयसम्म आइपुग्दाको समय :**

**६) यस कार्यालयको काममा मात्र आउनु भएको वा अन्य कामको लागि पनि**

**७) कार्यालयमा देहायको कुन कामको लागि आउनु भएको ? रेजा (✓) चिन्ह दिनुहोस् ।**

(क) सिफारिस लिन/पुऱ्याउन-२० (ख) दर्ता/नविकरण-०

(ग) आर्थिक सहयोग लिन-० (घ) योजना माग गर्न-१०

(ङ) योजनाको किस्ता लिन-१० (च) योजनाको मूल्याङ्कन गराउन-०

(छ) योजनाको अन्तिम भुक्तानी लिन-१० (ज) स्थानीय तहले राखेको सूचना प्राप्त गर्न-०

(झ) सूचनामूलक सामाग्री प्राप्त गर्न-० (ञ) अन्य कुनै भए-०

| सि.नं | सेवाको नाम | मुल्यांकन उपयूक्त कोठामा रेजा (✓) लगाउनु होस् | | |
|---|---|---|---|---|
| १ | कार्यालयमा सेवा लिन कोसँग सम्पर्क गर्ने भन्नेमा तपाईलाई स्पष्ट जानकारी भयो ? | अति स्पष्ट ५० | ठीकै | अस्पष्ट |
| २ | सेवाप्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति वुझे जस्तो लाग्यो ? | अति धेरै ५० | ठीकै | थोरै |
| ३ | तपाई प्रति सेवा प्रदायक कर्मचारी र जनाप्रतिनिधिले कस्तो व्यवहार गरे ? | मिलनसार र मैत्रीपूर्ण ५० | ठीकै | अभद्र/अमर्यादित |
| ४ | सेवा प्राप्त गर्न आवश्यक सूचनाहरु (प्रमाण-कागजात र शुल्क दस्तुर) बारे तपाइलाई सेवाप्रदायक कर्मचारी तथा जनप्रतिनिधिले स्पष्ट गरे कि ? | अति स्पष्ट गरिदिए ५० | ठीकै | अलमल्ल हुने गरी अस्पष्ट सूचना दिए |
| ५ | तपाईले राख्नुभएका समस्यालाई के-कस्तो समाधान दिए ? | अति सजिलो तरिकाबाट समाधान दिए ५० | ठीकै | समाधान दिन सकेनन् |
| ६ | सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के-कस्तो लाग्यो ? | अति सजिलो (छोटो) ५० | ठीकै | लामो र झन्झटिलो |

**कार्यालयको कुन-कुन पक्षमा धेरै राम्रो लाग्यो, कुन-कुन पक्षलाई सुधार गर्नुपर्ने देखियो ?**

| **राम्रा लागेका कुराहरु** | **सुधार गर्नुपर्ने बिषयहरु** |
| --- | --- |
| • शिक्षा क्षेत्रमा अवलोकन गरेको,<br>• भौतिक निर्माणका काममा सक्रिय रहेको<br>• सामान्य रुपमा कार्य गरेकै देखिन्छ । | • गाउँपालिका तथा वडाको सुचना सबै नागरिकलाई पुग्नु पर्छ ।<br>• कृषिमा छुट्टिएको योजना पर्याप्त भएन ।<br>• गाउँपालिकाको वडामा सबै घरधुरीमा पर्याप्त खानेपानीको व्यवस्था हुनु आवश्यक छ ।<br>• सबै वडालाई सबै दलका जनसमुदायलाई समान तरिकाले विकासका काममा सहभागी गराउनु पऱ्यो ।<br>• समयको परिपालना गरी सरल र सहज ढंगवाट सेवा दिनु पर्ने ।<br>• विकासका कार्यहरुलाई निरन्तरता दिनुपर्ने,<br>• सेवाग्राहीलाई चाँडोभन्दा चाँडो सेवा प्रदान गर्नुपर्ने ।<br>• कुनै पनि प्रतिशोध तथा विभेद रहित ढंगले आवश्यकताका आधारमा योजना तथा बजेट विनियोजन हुनुपर्ने ।<br>• सेवा प्रभावमा टोकनको व्यवस्था हुनुपर्ने ।<br>• अन्तिम भुक्तानीका लागि कुनै पनि वहानामा सेवाग्राहीलाई दुख दिन नहुने ।<br>• उपभोक्ता तथा उपभोक्ता समितिलाई सरल र सहज ढंगवाट योजना संचालन तथा भुक्तानीमा सहजीकरण गर्नुपर्ने । |

**तपाईंले साँगुरीगढी गाउँपालिकाबाट आगामी दिनमा के-कस्ता योजना तथा कार्यक्रमको अपेक्षा राख्नु भएको छ ?**

- सडक र खानेपानीको क्षेत्रलाई प्राथमिकतामा राखि योजना तथा कार्यक्रम निर्माण हुनु पर्दछ ।
- कृषि क्षेत्रमा पर्याप्त योजना तथा कार्यक्रम भएन । किसानलाई तालिम भएन । गोठ सुधारको कार्यक्रम संचालन गर्न आवश्यक छ ।
- सहज ढंगवाट योजना इस्टमेट, मूल्याङ्कन गरी भुक्तानी पाउनु पर्ने अपेक्षा छ ।
- पारिदर्शिता, समयको महत्व वोध, अझ विकासका पक्षहरु पहिचान गरी निरन्तरता दिनुपर्ने, सेवाग्राहीलाई सजिलै सेवा सुविधा दिनुपर्ने, योजनाहरु तिव्र रुपमा कार्यान्वयन हुनुपर्ने अपेक्षा छ ।
- गाउँपालिका जनताको सेवाका लागि अधिकार प्राप्त स्वायत्त निकाय भएपनि जनताले अझै भने जस्तो सजिलो गरी सेवा पाउन नसकेकाले कर्मचारी शासक हैन सेवक वनेर कार्यहोस् भन्न चाहन्छु ।
- छिटो, छरितो, विना झन्झट सेवा प्राप्त गर्ने अपेक्षा राखिएको छ ।

साँगुरीगढी गाउँपालिका वडा नं. २ वुढिमोरङमा आयोजित सार्वजनिक सुनुवाई कार्यक्रमको झलक










गाउँपालिकाले दिने सेवा प्रवाहका विषयमा
सार्वजनिक सुनुवाई कार्यक्रम




गाउँपालिकाले दिने सेवा प्रवाहका विषयमा
सार्वजनिक सुनुवाई कार्यक्रम
आ.व. २०७९/०८०
साँगुरीगढी गाउँपालिका वडा नं. २, बुद्धिमोरङ


गाउँपालिकाले दिने सेवा प्रवाहका विषयमा
सार्वजनिक सुनुवाई कार्यक्रम








गाउँपालिकाले दिने सेवा प्रवाहका विषयमा
सार्वजनिक सुनुवाई कार्यक्रम
आ.व. २०७९/०८०
साँगुरीगढी गाउँपालिका वडा न. २, बुढिमोरङ


गाउँपालिकाले दिने सेवा प्रवाहका विषयमा
सार्वजनिक सुनुवाई कार्यक्रम
आ.व. २०७९/०८०
साँगुरीगढी गाउँपालिका वडा न. २, बुढिमोरङ


गाउँपालिकाले दिने सेवा प्रवाहका विषयमा
सार्वजनिक सुनुवाई कार्यक्रम
आ.व. २०७९/०८०
साँगुरीगढी गाउँपालिका वडा न. २, बुढिमोरङ




गाउँपालिकाले दिने सेवा प्रवाहका विषयमा
सार्वजनिक सुनुवाई कार्यक्रम
आ.व. २०७९/०८०
साँगुरीगढी गाउँपालिका वडा नं. २, बुढिमोरड





साँगुरीगढी गाउँपालिकाको आयोजना तथा किआन्ति मिडिया एण्ड रिसर्च सेन्टरको सहजीकरणमा गाउँपालिकाले दिने सेवा प्रवाहका विषयमा साँगुरीगढी गाउँपालिका वडा नं २ बुढिमोरङमा आयोजित सार्वजनिक सुनुवाई कार्यक्रमको उपस्थिति :

मिति : २०८० असार १३गते बुधवार

| क्र.स | नाम | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १) | जितेन्द्र राई | अध्यक्ष | साँगुरीगढी गा.पा. | |
| २) | मुना राई | उपाध्यक्ष | साँगुरीगढी गा.पा. | |
| ३) | योगेन्द्र इवाहाङ | वडाध्यक्ष | साँगुरीगढी गा.पा.-२ | |
| ४) | मनोजकुमार ठाकुर | प्रमुख प्रशासकीय अधिकृत | साँगुरीगढी गा.पा | |
| ५) | डोर्ज राई | योजना तथा प्रशासन शाखा प्रमुख | सां.गा.पा | |
| ६) | दिल कुमारी लिम्बु | प्र.अ. | सिद्धदेवी आ.वि. | |
| ७. | अनुजा राई | | | |
| ८. | सुजना लिम्बु | | | |
| ९) | सम्झना लिम्बु | | | |
| १०) | गीता चेम्जोङ | शिक्षक | रामनवमी मा.वि बुढिमोरङ | |
| ११) | शर्मिला लिम्बु | | | |
| १२) | फूलमाया तामाङ | | | फुल |
| १३) | मुना याख्खा | | | मुना |
| १४) | सम्वत लिम्बु | बालक्लब | रामनवमी मा.वि | |
| १५. | माया राई | सि.अ.न.मी | बुढिमोरङ स्वास्थ्य चौकी | |
| १६. | मिक्सा लिम्बु | जु.रे.क्र | | Miksha |
| १७. | सरिता लिम्बु | बालक्लब समन्वय मा. | | Sarita |
| १८ | अनिम राई | पालिका स्तरिय बालक्लब | | |
| १९. | चन्द्र शेखर इमेङ | | | |
| २० | शिव कुमार इङ्नाम | रामनवमी मा.वि. प्र.अ. | | |
| २१. | फुल कुमारी लिम्बु | | | फुल |
| २२. | विपिन ढकाल | सहजकर्ता | | |
| २३. | कल्पना तामाङ | | | |
| २४. | इतिमाया लिम्बु | | | |
| २५. | राज कुमार लिम्बु | | | |
| २६. | दिल कुमारी | | | |

युवती | सदस्य

२७. चुलिकान्धी लिम्बू
२८.
२९. राधा राई
३०. कल्पना राई
३१. खेमकुमारी राई
३२. भिम कुमारी लिम्बु
३३. रेमला [illegible] सागुरीगढी - २ [illegible]
३४. मान प्रसाद [illegible]
३५. रविलाल [illegible] लिम्बु सागुरीगढी २ [illegible]
३६. लक्ष्मी कु. लिम्बु सागुरीगढी २
३७. निशा लिम्बु
३८. इन्द्र लिम्बु
३९. टंक छनौल
४०. पूर्णा नेम्बा
४१. अनन्त ब. लिम्बु
४२. सुरज लिम्बु
४३. गनिता लिम्बु
४४. अम्बिका लिम्बु
४५. कर्ण ब. लिम्बु
४६. तन्जि नागराई आँगटि गा.पा. २
४७. [illegible] लिम्बु
४८. बेनिशा मगर
४९. राजेन्द्र कुमार [illegible] लिम्बु '' ''
५०. शुक बहादुर लिम्बु '' ''
५१. दिलकुमार लिम्बु '' ''
५२. हित प्रसाद लिम्बु '' ''
५३. [illegible] राम बहादुर लिम्बु
५४. श्रीजना लिम्बु
५५. धनश्याम लिम्बु
५६. राज कुमार विश्वकर्मा
५७. धनकुमारी लिम्बु
५८. सरस्वती लिम्बु

५९. पृथ्विराज तुम्बापो
६०. एम प्रसाद तुम्बापो
६१. खगिन्द्र लिम्बु
६२. सुशिल लिम्बु
६३. राम ध्वज लिम्बु
६४. इश्वर ब. तामाङ
६५. पुजन लिम्बु
६६) प्रेममाया वि.क.
६७ विनाक लिम्बु
६८ सुजित विश्वकर्मा
६९ कविराज घिमिरे सहजकर्ता
७० चेतना विश्वकर्मा
७१. नविन लिम्बु
७२. हर्क कुमार तुम्बापो
७३. सुरेश वि०क०
७४. छत्रमान प्रमार राई
७६. कोपिला लिम्बु
७८ सरेश लिम्बु
७९ सन्तोष इङ्नाम
८०) हरिबहादुर लम्सेल विश्रान्ति मिडिया एण्ड रिसर्च सेन्टर
(१)